# निर्णयहरु:

निर्णय नं. १ जिल्ला उदयपुर चौदण्डीगढी न.पा. ७, बेल्टारका एकाघरका मृतक लक्ष्मी नारायण खड्का, पवन खड्का र कटारी नगरपालिका वडा नं .५ का मृतक विरेन्द्र चौधरी र वडा नं. ८ का मृतक मनमाया तामाङ्गका परिवारलाई सम्बन्धित स्थानीय तहहरुले राहत वितरण गरी विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को उपदफा ११ बमोजिम चौदण्डीगढी नगरपालिकाको च.नं. २८६३ मिति २०८३/०१/२५ र कटारी नगरपालिकाको च.नं. ३५८५, मिति २०८३/०१/२१ गतेको पत्रबाट सोधभर्ना माग भई आएकोमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषबाट चौदण्डीगढी नगरपालिका (प्रकोप व्यवस्थापन कोष) को खातामा रु.३,००,०००।- (अक्षेरुपी तीन लाख रुपैया) र कटारी नगरपालिका (प्रकोप व्यवस्थापन कोष) को खातामा रु.४,००,०००।- (अक्षेरुपी चार लाख रुपैया) गरी कुल जम्मा रु. ७,००,०००।-(अक्षेरुपी सातलाख रुपैया) सोधभर्ना गरिएको हुँदा रकम भुक्तानी समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं. २ विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत कार्यालयहरु, गैरसरकारी संघ/संस्था/निकायहरुबाट हालसम्मको विपद्का घटनाको अवस्था, विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि पूर्व तयारी सम्बन्धमा जानकारी एवम् छलफल गरियो।

निर्णय नं. ३ जुनसुकै समयमा पनि हावाहुरी, चट्याङ, आगलागी, बाढीपहिरो जस्ता विपद्जन्य घट्नाहरु हुन सक्ने भएकोले यस किसिमका विपदबाट हुन जाने सम्भावित क्षति/नोक्सानीलाई न्यूनीकरण गर्न सबै स्थानीय तहहरु, जिल्लास्थित सुरक्षा निकायहरु, सबै डिभिजन/सब-डिभिजन वन कार्यालयहरु, सामुदायिक वन उपभोक्ता समूह, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सबै गैह्रसरकारी संघसंस्थाहरु लगायत आम सर्वसाधारणलाई उच्च सतर्कता अपनाई सचेतना, पूर्व तयारी तथा प्रतिकार्यको लागि समन्वयात्मक ढंगले सहकार्य गर्न अनुरोध गर्ने ।

निर्णय नं. ४ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरको च.नं. ४३९ मिति २०८३/०३/०९ को पत्रानुसार पशुपन्छी कार्यक्रम सञ्चालन नर्म्स, २०८२ को दफा ७(ग) बमोजिम राहत वितरण समितिले गरेको पशुपन्छी सम्बद्ध विपद्जन्य क्षतिमा गरेको राहत वितरण सम्बन्धी निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ५ उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. १० बोक्सेस्थित डिभिजन वन कार्यालय, उदयपुर र जिल्ला निर्वाचन कार्यालय, उदयपुरले हालसम्म भोगाधिकार गर्दै आएको जग्गाका सम्बन्धमा नेपाल राजपत्र, मालपोत (नवौं संशोधन) नियमावली,२०८३ को नियम २३.झ(२) को उपनियम (५) बमोजिम विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यक नपर्ने भन्ने व्यहोराको सिफारिस आवश्यक परेको भनी डिभिजन वन कार्यालय, उदयपुरको च.नं. ३८०६, मिति २०८३/०३/१५ र जिल्ला निर्वाचन कार्यालय, उदयपुरको क्रमशः च.नं. ३०९, मिति २०८३/०३/०९ को पत्रबाट लेखिआएको र हाल डिभिजन वन कार्यालय, उदयपुरले भोगचलन गर्दै आईरहेका जि.उदयपुर साविक भुमरसुवा गा.वि.स. वडा नं. ४/छ, कि.नं. ६२१ को क्षेत्रफल ०-६-३ र ऐ. ऐ. भुमरसुवा गा.वि.स. वडा नं. ४/छ, कि.नं. ६४६ को क्षेत्रफल १-३-० गरी जम्मा क्षेत्रफल १-९-३ (एक विगाहा नौ कट्ठा तीन धुर) र

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

जिल्ला निर्वाचन कार्यालय, उदयपुरले जिल्ला उदयपुरको साविक भुमरसुवा गा.वि.स. वडा नं. ४/ख, कि.नं. ६४३ को क्षेत्रफल ०-२-१८ (दुई कट्ठा अठार धुर) का जग्गा विपद् व्यवस्थापनको दृष्टिले आवश्यक नपर्ने व्यहोरा सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

निर्णय नं. ६ **जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP), २०८३ र मनसुन, शीत लहर, आगलागी, चट्याङ, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८३ को मस्यौदामाथि** छलफल गरी पारित गर्ने ।

निर्णय नं. ७ जिल्लास्थित खानेपानी उपभोक्ता समितिहरुले वर्षा यामको समयमा खानेपानीको मुहान सरसफाई एवं संकलित स्थानहरुको नियमित चेकजाँच, अनुगमन र मर्मत सम्भार गरी स्वच्छ, सफा खानेपानी वितरण गर्न व्यवस्था मिलाउने र यस कार्यको अनुगमन तथा समन्वय खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, फिल्ड कार्यालय, उदयपुरले गर्ने ।

निर्णय नं. ८ नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्रले विपद्का समयमा आफ्नो सेवा प्रभावित हुन नदिने व्यवस्था मिलाउने ।

निर्णय नं. ९ सडक सम्बद्ध कार्यालयहरु र स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको सडक मनसुनजन्य विपद्को कारण बन्द हुन नपाउने व्यवस्था मिलाउने ।

निर्णय नं. १० सुरक्षा निकाय लगायत विपद् सम्बद्ध सबै कार्यालयहरुले आफ्नो स्रोत साधन, जनशक्ति तयारी अवस्थामा राख्ने र विपद्जन्य घटना भएमा समन्वयात्मक रुपमा सबै निकाय परिचालित हुने ।

निर्णय नं. ११ स्थानीय तहहरुले आफ्नो पालिकाभित्रको विपद्का दृष्टिले जोखिमयुक्त स्थानका नागरिकलाई आवश्यक सचेतना, पूर्व तयारी र सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणको व्यवस्था मिलाउने ।

निर्णय नं. १२ र्याफ्ट बोट लगायत खोज तथा उद्धारको लागि प्रयोग हुने विपद्जन्य सामग्रीको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने ।

निर्णय नं. १३ नेपाल रेडक्रस सोसाईटीले न्यूनतम २०० परिवारलाई वितरण गर्न पुग्ने राहत सामग्री तयारी अवस्थामा राख्ने ।

२०८३।३।२४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर